# नेपाल गजेट

## भाग ३

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं आश्विन १ गते २०१३ साल [संख्या ११

## सर्वोच्च अदालत नियमावली, २०१३

सर्वोच्च अदालत ऐन, २०१३ को दफा १६ र यस बारेमा भएका अरू सबै अधिकार प्रयोग गरी सर्वोच्च अदालतले बनाएको निम्नलिखित नियम-हरू सरकारबाट स्वीकृत भएका छन्।

### परिच्छेद १

प्रारम्भिक कथन:—

१. [१] यी नियमहरूको नाम–"सर्वोच्च अदालत नियमावली, २०१३" रहेको छ।

[२] यो नियमावलीको परिच्छेद १, २, ३, ४, ५, का कुराहरू तुरुन्त लागू हुनेछ र अरू परिच्छेदका कुराहरू नेपाल गजेटमा सूचना प्रकाशित गरी सरकारले तोकेको मितिमा लागू हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२, विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः—

[क] "वकील" भन्नाले परिच्छेद ३ अन्तर्गत दरिएको [ऐन रोल भएको] व्यक्ति सम्झनुपर्छ।

[ख] "पक्ष" भन्नाले मुद्दा मामिलाका २ थरी झगडियामध्ये कुनै १ थरी झगडियाको उल्लेख गर्दा प्रयोग हुने झगडिया भन्ने लब्जलाई बुझाउँछ।

[ग] "निवेदनपत्र" भन्नाले बिन्तिपत्र, दरखास्त र अर्जीसमेत सम्झनुपर्छ।

[घ] "वारीस" भन्नाले ऐनले वारीस लाग्ने मुद्दा मामिलामा ऐन-बमोजिमको वारीसलाई बुझाउँछ।

[ङ] "अदालत" भन्नाले न्यायपालिकातर्फको मुद्दा मामिला हेरी इन्साफ गर्ने जुनसुकै अड्डा वा न्यायाधीशको ईजलासलाई जनाउँछ।

[च] "डिभीजन बेञ्च" भन्नाले २ न्यायाधीशहरू रहेको बेञ्चलाई जनाउँछ।

[छ] "इस्पेशल बेञ्च" भन्नाले प्रधान न्यायाधीशसहित वा रहित ३ जना न्यायाधीशहरूको बेञ्चलाई जनाउँछ।

[ज] "फुलबेञ्च" भन्नाले प्रधान न्यायाधीशसहित ३ वा ३ भन्दा बढी न्यायाधीशहरू रहेको बेञ्चलाई जनाउँछ।

[झ] "फूलकोर्ट" भन्नाले इन्साफ गर्ने कामबाहेक अरू कामका लागि सर्वोच्च अदालतका प्रधान न्यायाधीश र उपस्थित भए-सम्मका सबै न्यायाधीशहरू भै बनेको कोर्टलाई जनाउँछ।

[ञ] "रजिष्ट्रार" भन्नाले सरकारबाट सर्वोच्च अदालतको निमित्त नियुक्त भएको रजिष्ट्रार र यस नियमावलीमुताबिक रजिष्ट्रारको कायममुकायम भै काम गर्नेलाई पनि जना-उँछ।

[ट] "न्यायाधीश" भन्नाले अस्थायी विशेष न्यायाधीश (एडहक जज) समेतलाई सम्झनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# परिच्छेद २

## इन्साफ गर्ने कामबाहेक अरू बन्दोबस्ती काम फछ्र्योट्का लागि नियमहरू — —

३. प्रधान न्यायाधीश र निजद्वारा समय समयमा तोकिएको अरू एक जना न्यायाधीशसमेतको एउटा स्टैंडिङ्ग कमिटी हुनेछ। राय नमिलेमा प्रधान न्यायाधीशको राय मान्य हुनेछ।

४. मुद्दा मामिलाको कारवाई इन्साफ गर्दा बाहेक अरू किसिमले मातहतका अड्डा अदालतलाई नियन्त्रण र अह्रोट गर्ने काम स्टैंडिङ्ग कमिटीजिम्मा रहनेछ।

५. साधारण अवस्थामा अन्य न्यायाधीशहरूको राय नलिई स्टैंडिङ्ग कमिटीलाई देहायबमोजिमको काम गर्ने अधिकार हुनेछ र सो काममध्ये केही काम फछ्र्योट गर्न स्टैंडिङ्ग कमिटीले रजिष्ट्रारलाई सौम्पन पनि सक्छ।

[क] नियम ४ बमोजिमको आफ्नो क्षेत्रभित्र पर्ने सबै लेखापढी फछ्र्यौट गर्ने।

[ख] मातहतका अड्डा अदालतलाई पर्यादेश (सर्कुलर) अर्डर सामान्य चिट्ठी [जनरल लेटर] पठाउने।

[ग] देहायका विषयमा आदेश गर्ने वा निकाशा दिने —

[१] मातहतका अदालतले समय समयमा पठाएका ऐन सवाल फैसलाबमोजिम फिर्ता पाउने दण्ड, बिगो, धरौटबारेका मिन्हा मोजराका रिपोर्ट र अरू जाहेरीहरू।

[२] वकीलमा दरिन [ऐनरोलमेन्ट] का लागि पर्न आएका निवेदनपत्र र वकीलहरुको पेशासम्बन्धी आचरण प्रमाणपत्रका कुरा।

[३] मुद्दा मामिलाको कारवाई इन्साफ गर्ने कुरा वा अन्य न्यायाधीशहरूको आदेशका कुराबाहेक अरू सबै किसिमका कुरा।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

205

मुद्रण विभाग

तर –

यस नियमबमोजिम गर्नालाई सो विषयमा यस नियमावलीमा कुनै प्रतिकूल किट्टुवा नियम नभए मात्र गर्नु हुन्छ।

६. स्टैंडिङ्ग कमिटीले दिएको हरेक आदेशको र मंजूर गरेको हरेक चिठ्ठीको अफीस–कापीमा सो कमिटीका सदस्यहरूका दस्तखत हुनुपर्छ।

७. सुप्रिमकोर्टको कुनै विषयमाथि बिचार गरी रिपोर्ट पेश गर्नाका लागि दुइ वा दुइभन्दा बढी न्यायाधीशहरूको एउटा स्पेशल कमिटीको गठन फूलकोर्टको बैठकबाट गर्न सकनेछ।

८ स्पेशल कमिटीका सदस्यहरूलाई आफ्नो रिपोर्ट तयार गर्नमा सहायक हुने निजहरूले चाहेको जुनसुकै लेखापढी पनि साधारण अवस्थामा अरू न्यायाधीशहरूको राय नलिई यस किसिमको कमिटीले गर्न पाउने अधिकार हुनेछ।

९. स्पेशल कमिटीले दिएको हरेक आदेशको र मन्जूर गरेको हरेक चिठ्ठीको मसौदा [ ड्राफ्ट ] मा सो कमिटीका सदस्यहरूको दस्तखत हुनुपर्दछ।

१०. सर्वोच्च अदालतको रायलाई आएका सरकारको कानूनमन्त्रालयका विधेयक, कानूनमा संशोधन गर्नेबारेका प्रस्तावहरू र कानूनको परिवर्तनसम्बन्धी सबै सामान्य विषयहरू नियम ७ बमोजिम गठित र कमसेकम ३ जना सदस्य भएको स्पेशल कमिटीलाई साधारण रूपमा पहिले विचारार्थ दिइनेछ।

११. सर्वोच्च अदालतका अफीस कोठाहरूमा रजिष्ट्रारको अनुमति नभै जनसाधारण पस्न हुँदैन।

१२. कुनै विषयको कामका लागि कुनै कमिटी गठन भएको छ भने सो विषयका सबै कागजपत्र त्यस कमिटीमा पेश गर्ने र तत्सम्बन्धी लेखापढी गर्ने रजिष्ट्रारको कर्तव्य हुनेछ।

१३. सप्ताहभित्रमा स्टैंडिङ्ग कमिटी र स्पेशल कमिटीद्वारा पास भएको मुख्य मुख्य कुराहरूको छोटकरी विवरण जानकारीका लागि सबै न्यायाधीशहरूकहाँ रजिष्ट्रारले पठाउनुपर्छ।

...मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

290

१४. देहायका सबै विषयहरू फूलकोर्टमा पेश गर्न रजिष्ट्रारको कर्तव्य हुनेछ।

[क] कुनै प्रस्तावित विधेयकमा सरकारले राय मागी पठाएमो वा सर्वोच्च अदालतको कुनै कमिटी वा कुनै न्यायाधीशको विचारमा कुनै कानूनी परिवर्तनको विषयमा राय विमर्श गर्नु पर्छ भन्ने लागेमा सो विधेयक वा विषय।

[ख] स्टेंडिङ्ग कमिटीका न्यायाधीशहरूले पास गरिसकेपछि सरकारमा सालिन्दा पेश हुने प्रशासनसम्बन्धी वार्षिक रिपोर्ट।

[ग] सर्वोच्च अदालतबाट आफ्नो अधिकार=अन्तरगत बनाएको नियमहरू।

[घ] स्पेशल कमिटीको कारवाईमा कुनै कुराको मतभेद भएमा सो विषय।

[ङ] स्पेशल कमिटीको रिपोर्ट।

[च] प्रधान न्यायाधीशको दृष्टिमा कुनै महत्वपूर्ण विषय।

१५. छलफलका लागि फूलकोर्टको समक्ष पेश भएको कुनै पनि विषयमा जुनसुकै न्यायाधीशलाई आफ्नो छुट्टै राय लेखने स्वतन्त्रता हुनेछ। राय फाटेमा बहुमतको निर्णय मान्य हुनेछ। बहुसंखया नभई मत बराबर भएमा प्रधान न्यायाधीशको निर्णयात्मक भोट दिने अधिकार हुनेछ।

१६. फूलकोर्टको बैठक हुने सूचनाका साथ छलफल हुने विषयहरूको फिरिस्त पनि न्यायाधीशहरूमा साधारणतः बाँडिनेछ।

१७. फूलकोर्ट र स्टेंडिङ्ग कमिटीको सबै बैठकको कारवाई सो कामका लागि राखिएको किताबहरूमा रजिष्ट्रारद्वारा लेखिनेछ र कुनै न्यायाधीशले हेर्न मागेको खण्डमा जतिपटक पनि देखाइनेछ।

## परिच्छेद ३

### वकील

१८. सर्वोच्च अदालतका वकील देहायका श्रेणीका हुनेछन्।

[क] सीनियर एडभोकेट।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ख] एडभोकेट ।
[ग] प्लीडर, र
[घ] एजेन्ट ।

१६. [१] देहायबमोजिम भभई कुनै व्यक्ति सीनियर एडभोकेटमा द-रिन [ऐन रोल हुन] सक्तैन ।

[क] कुनै स्वीकृत विश्वविद्यालयको ल ग्रेजुयट : र

[ख] कम्तीमा १० वर्ष नेपाल वा बाहिरको कुनै उच्च सुपरियर अदालतमा वकालत गरेको वा नेपाल सरकारको सेवा गरेको ।

तर अपील अड्डाभन्दा माथिको अदालतको हाकिम वा न्यायाधीश भैसकेका व्यक्तिले आफूलाई सीनियर एडभोकेटमा दराउन चाहेमा निज पनि सीनियर एडभोकेटमा दरिन सक्छन् ।

[२] कुनै स्वीकृत विश्वविद्यालयको ल ग्रेजुयट वा अपील अड्डाको हाकिम वा सुब्बा अथवा सोभन्दा माथिको दर्जा प्राप्त भई कम्तीमा ५ वर्ष नेपाल सरकारको सेवा गरिसकेको नभई अरू कुनै व्यक्ति एडभोकेटमा दरिन सक्तैन ।

[३] कम्तीमा ७ वर्ष नेपाल सरकारको सेवा गरेको कुनै अड्डा अदालतको हाकिम, असिस्टेन्ट, तहरीर वा सोसरहको पदमा काम गरिसकेको नभई कुनै व्यक्ति प्लीडरमा दरिन सक्तैन।

[४] कम्तीमा २ वर्ष कुनै अदालतमा वकालत गरेको छ वा कुनै अड्डा अदालतमा मुखिया वा विचारी दर्जा प्राप्त भई काम गरेको छ भन्ने कुराको स्टैंडिंग कमिटीलाई विश्वास नदिलाई वा यो व्यक्ति एजेन्टमा दरियोस् भन्ने सीनियर एडभोकेट, जिल्ला न्यायाधीश (अपील अड्डाको हाकिम) वा बडाहाकिमको सिफारीशमा स्टैंडिङ्ग कमिटीलाई सो व्यक्ति एजेन्ट हुन लायक छ भन्ने विश्वास नभै कुनै व्यक्ति एजेन्ट हुन सक्तैन।

[५] यस नियममा माथि जुनसुकै कुरा लेखिएको भए तापनि स्टैंडिंग कमिटीका दृष्टिमा नैतिक पतन (मोरल टर्पीच्युट) सम्बन्धको कुनै अपराधमा कानूनबमोजिम मुद्दा चली

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

292

कुनै अदालतबाट दण्ड सजाय पाएको व्यक्ति रहेछ भने त्यस्तालाई वकीलमा दरिने हक प्राप्त हुनेछैन ।

२०. वकीलमा दरिंदाको दस्तुर देहायबमोजिम हुनेछ । तर एटर्नी जनरल वा सरकारी वकीलको हकमा ईन्रोलमेन्ट र सोबारेको । दस्तुरको कुरा लागू हुनेछैन ।

[क] सीनियर एडभोकेटको मोरु ५००।

[ख] एडभोकेटको मोरु ३५०।

[ग] प्लीडरको मोरु २५०।

[घ] ऐजेन्टको मोरु १५०।

बिदेशी वकीलहरूको निम्ति पनि यहाँके वकीलका सरह फीस दिइनेछ ।

२१. एउटै मुद्दामा एउटै पक्षका वकीलहरूमा अदालतलाई सम्बोधत गर्ने हक देहायबमोजिम प्राप्त हुनेछ ।

[क] सीनियर एडभोकेट र एडभोकेट रहेकामा सीनियर एडभोकेटलाई ।

[ख] एडभोकेट र प्लीडर रहेकोमा एडभोकेटलाई ।

[ग] प्लीडर र एजेन्ट रहेकोमा प्लीडरलाई ।

तर एटर्नी जनरल वा सरकारी वकीलको स्थान सबै वकीलहरूभन्दा माथि हुनेछ ।

२२. (१) वकीलमा दरिनका लागि दिने प्रत्येक निवेदनपत्र सर्वोच्च अदालतबाट तोकेको ढाँचामा रु ५ को टिकट टाँसी वा टिकट दस्तुरबापत सोबमोजिमको नोट रुपैयाँ शामेल राखी दिनुपर्छ । त्यस्तो दरखास्त मोफसलबाट पठाउनेमा—सम्बन्धित जिल्ला न्यायाधीश (अपील अड्डाको हाकिम) मार्फत पठाउनुपर्छ ।

(२) उपनियम (१) अन्तर्गतको प्रत्येक निवेदनपत्रसाथ निवेदकको शैक्षिक र अरू योग्यताबारेका सक्कल प्रमाणपत्र र त्यसको रीतपूर्वकको १ एक प्रति नक्कलसमेत शामेल राखी दिनु पठाउनुपर्छ । स्टैंडिंग कमिटीले निवेदनपत्रउपर कारवाई गरी टुङ्गो लागिसकेपछि प्रमाणपत्रको नक्कल अफीसमा राखी सक्कलचाहिं निवेदकलाई फिर्ता गरिनेछ । तर स्टैंडिंग कमिटीले आवश्यक देखिएमा कुनै निवेदक-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाई असल चालचलनको प्रमाणपत्रसमेत पेश गर्न भन्न सक्तछ ।

[३] निवेदनपत्र मन्जूर गरेमा निवेदकलाई चाहिने दस्तुर एकमुष्ट वा तीन किस्तामा ६ महिनाभित्र बुझाउन ल्याउनु वा पठाउनु भनी स्टैंडिंग कमिटीले जनाउ दिनेछ । सोबमोजिम एकमुष्ट वा पहिलो किस्ता निवेदकले बुझाएमा निज सर्वोच्च अदालतको सीनियर एडभोकेट [ एडभोकेट ] प्लीडर वा एजेन्ट जेमा दरिन्छ, सो जनाई चाहिने बेहोराको एउटा प्रमाणपत्र निजलाई दिइनेछ र त्यसरी वकीलमा दरिएका सबै व्यक्तिहरूको नाउँ नामेसी मातहत अदालत र नेपाल सरकारका अन्य अधिकारिवर्गको जानकारीका लागि नेपाल गजेटमा प्रकाश गरिनेछ ।

२३ [१] नियम २२ को उपनियम [१] का अधीनमा रही प्रत्येक वकीललाई सर्वोच्च अदालत र सो मातहतका प्रत्येक अड्डा अदालतमा र कानूनले वकील हाजिर हुन पाउने रहेछ भने नेपाल सरकारका कुनै अधिकारिवर्गका समक्ष समेत हाजिर [एपियर] हुने पैरवी [एक्ट] गर्ने र बहस [प्लीड] गर्ने हक प्राप्त हुनेछ ।

[२] एजेन्टले सर्वोच्च अदालतमा हाजिर हुन र पैरवी गर्नसम्म पाउँछ, बहस गर्न पाउँदैन । सर्वोच्च अदालतको मातहतको अड्डा अदालतमा भने एजेन्टले हाजिर हुन पैरवी गर्न र बहस गर्न समेत पाउँछ ।

[३] सर्वोच्च अदालतमा हाजिर हुन, पैरवी गर्ने वा बहस गर्ने प्रत्येक वकीलले मुद्दावाला [क्लाएन्ट] कुनै पक्ष वा निजको वारीस [का निमित्त हाजिर हुने ] पैरवी गर्ने वा बहस गर्ने वा सो सबै काम गर्ने अखितयारको वकालतनामा सर्वोच्च अदालतबाट तोकिएको ढाँचामा निजबाट लेखाई सहिछाप गराई आफूले पनि त्यसमा मन्जूरीको सहि गरी दाखिल गर्नु पर्छ । त्यस्तो प्रत्येक वकालतनामा मोरु १ को टिकट टाँसिएको वा टिकट दस्तुर व पत सोबमोजिमको नोट रुपैयाँ शामेल राखिएको हुनुपर्छ ।

२४ प्रचलित नेपाल कानूनले भराइने मुद्दा लड्दाको खर्चका अतिरिक्त यस नियमबमोजिमको वकीलको फीसमेत अदालतले खर्च [ कस्टस ] को रूपमा हार्ने पक्षबाट जित्ने पक्षलाई भराई दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## तालिका [क]

| झगडाको विषयको मोल बिगो खुलेको देवानी मुद्दा मामिला | भराइने फी. | | | |
|---|---|---|---|---|
| | एजेन्टको | प्लीडरको | एडभोकेटको | सीनियर एडभोकेटको |
| | रु | रु | रु | रु |
| झगडाको विषयको मोलबिगोको | | | | |
| पहिलो रु ५००० मा सयकडा | १ | १।२५ | १।५० | २। |
| ऐको अर्को रु ५००० मा सयकडा | १ | १।१० | १।२५ | १।५० |
| ऐको अर्को रु १५००० मा सयकडा | ।८० | ।९० | १। | १।२५ |
| ऐको अर्को शेषमा सयकडा | ।५० | ।६० | ।६५ | ।७५ |

तर कुनै वकील मुद्दा मामिलामा कुन अदालतमा शुरूदेखि आखिरसम्मलाई नराखिई केवल एक पेशीलाई राखिएको भए अदालतले खर्च भराउनुपर्दा एजेन्टको रु १०, प्लीडरको रु १२, एडभोकेट रु १४, र सीनियर एडभोकेटको रु १७ काम भएको प्रत्येक पेशीका हिसावले भराउनेछ। त्यस्तो एकभन्दा बढी पेशी भएमा भराइने जम्मा फी माथिको तालिकामा लेखिएबमोजिम भराइनेभन्दा बढी हुनु हुँदैन।

साथै वकीलको फीवापत खर्च भराउँदा एउटा पूरा केशको वास्तीमा एजेन्टको रु १५, प्लीडरको रु २०, एडभोकेटको रु २५, र सीनियर एडभोकेटको रु ३० का हिसाबले भराइनेछ।

## तालिका [ख]

झगडाको मोल बिगो नखुलेको देवानी मुद्दा मामिलामा भराइने फी

| | एजेन्टको | प्लीडरको | एडभोकेटको | सीनियर एडभोकेटको |
|---|---|---|---|---|
| | रु | रु | रु | रु |
| रिनेटर, अर्थात् बहस-बाहेक मुद्दा मामिलामा | | | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| गरिने सबै काम कारवाई लाई— — — — — — — | १५ | १८ | २० | २५ |
| काम भएको प्रत्येक पेशीको फी — — — | १० | १५ | २० | ३० |

२५. वकीलले आफूले लिएका फीका अतिरिक्त नियम २४ अन्तर्गत भराइने फीको सयकडा पाँचमा नबढाई कारिन्दा खर्च, नक्कल खर्च इत्यादि वापतको दाम भनी आफ्नो मुद्दावालासँग असूल गरी लिन पाउँछ ।

२६. [१] सीनियर एडभोकेट वा एडभोकेटले कुनै अदालतमा हाजिर हुँदा, पैरवी गर्दा वा बहस गर्दा न्यायाधीशसरहको कालो-कोट, कालो गाउन र सेतो ब्याण्ड लगाउनुपर्छ ।

[२] प्लीडरले कुनै अदालतमा हाजिर हुँदा, पैरवी गर्दा वा बहस गर्दा कालो कोट र कालो गाउन लगाउनुपर्छ ।

[३] एजेन्टले कुनै अदालतमा हाजिर हुँदा पैरवी गर्दा वा बहस गर्न पाउनेमा सो गर्दा कालो कोट लगाउनुपर्छ ।

तर यो नियम ३ महिनासम्म प्रयोग गरिनेछैन ।

२७. [१] प्रत्येक वकीलले अदालतमा सम्मान, अनुशासन तथा भद्रताको व्यवहार गरी सदा अदालतको मर्यादा र गौरव कायम राख्ने प्रयत्न गर्नुपर्छ ।

[२] वकालतनामामा मञ्जूरीको सहि गरिसकेपछि प्रत्येक वकीलले लिएको मुद्दा मामिलामा आफूले गर्नुपर्ने काम कारवाई मेहनत र इमान्दारीसाथ गर्नुपर्छ र आफ्नो वा मुद्दावालाको अनुपस्थितिले मात्र मुद्दा मामिला हार्ने नहोस् भन्ने कुरामा पूरा ख्याल राख्नुपर्छ।

[३] प्रत्येक वकीलले देहायबमोजिमको नगदी हिसाबका किताबहरू राख्नुपर्छ र स्टेंडिङ्ग कमेटी वा जिल्ला न्यायाधीश अपील अड्डाको हाकिमले हेर्न मागेमा पेश गर्नु पर्छ ।

[क] मुद्दावालाबाट लिएको र निजलाई वा निजको तर्फबाट बुझाएको रोज रोजको आमदानी खर्चको दैनिक किताब : र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[ख] एउटा मुद्दा मामिलामा एउटा मुद्दावालाबाट लिएको र सो मुद्दा मामिलामा निजलाई वा निजका तर्फबाट बुझाएको रकम जनिएको गोश्वारा किताब।

[४] प्रत्येक वकीलले देहायबमोजिम गर्नुपर्छ :—

[क] आफ्नो पेशाका सिलसिलामा आफूले लिएको रकमको पटकैपिच्छे रीतपूर्वकको भरपाई दिने।

[ख] आफ्नो पेशाका सिलसिलामा आफूले बुझाएको रकम कोर्टफी वा यस नियमावलीबमोजिम बुझाउनुपर्ने दस्तुरबाहेकको भरपाई पाँच वर्षसम्म आफूसँग राखिछाड्ने।

[५] प्रत्येक वकीलले सचाई र इमानदारीको उच्चतम आदर्शलाई अँगाली आफ्ना मुद्दावालासँग व्यवहार गर्नुपर्छ र कानूनबमोजिम आफ्नो मुद्दावालाको हितको रक्षा मेहनतसाथ गर्नुपर्दछ।

[६] प्रत्येक वकीलले आफ्ना मुद्दावालासँग व्यवहार गर्दा र तिनको काम गर्दा सो विषयका प्रामाणिक ग्रन्थहरूमा निर्देश गरिएबमोजिमको पेशासम्बन्धी आफ्नो आचरण राख्नुपर्छ।

२८. नैतिक पतनसम्बन्धको कुनै अपराध गरेको छ वा यस परिच्छेदका कुनै नियमभङ्ग गरेको छ भन्ने कुरा, स्टेंडिङ्ग कमेटीले सम्बन्धित वकीललाई सफाइको प्रमाण दिने मौकासमेत दिई, ठहर गरेमा सो कमेटीले त्यस्ता वकीलको नाम रजिष्टरबाट खारेज गर्ने वा केही समयका लागि निजले वकालत गर्न नपाउने गर्न सक्नेछ।

२९. [१] कुनै नालेस, अपील, वा निवेदनपत्र सरकारउपर परेको वा सरकारले चलाएको अथवा सरकार बुझ्नुपर्ने भएकोमा एटर्नी जनरललाई वा सरकारबाट सो कामका निमित्त नियुक्त भए कुनै अफिसरलाई सूचना दिइनेछ।

[२] अदालतमा दाखिल भएको वकालतनामामा मुद्दावालाले कानूनबमोजिम आफूलाई आउने सूचना वकीलले बुझिलिए हुन्छ भनी किटानसाथ लेखिदिएको रहेछ भने अदालतले मुद्दा मामिलाका सम्बन्धमा वकीललाई दिएको सूचना निजको मुद्दावालालाई रीतपूर्वक दिएको मानिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. नेपाल गजेटमा प्रकाशित भएकै मितिले ७ दिनउप्रान्त जुन-सुकै मुद्दामामिलामा सर्वोच्च अदालत वा सो मातहतका अड्डा अदालतमा कुनै पक्ष निजको वारीस वकील वा सरकारबाट नियुक्त व्यक्ति विशेष बाहेक अरू कुनै व्यक्तिले हाजिर हुनु, पैरवी गर्न वा बहस गर्न पाउनेछैन।

तर सर्वोच्च अदालत वा सो मातहतका अरू कुनै अड्डा अदालतले कानूनको पेशा गर्ने कुनै विदेशी वकीलले दफा २२ बमोजिम प्रमाणपत्र दिएमा आफ्नो समक्ष हाजिर हुने बहस गर्ने अनु-मति आफ्ना तजवीजले दिन हुन्छ।

साथै मुद्दा मामिलामा बुझिने साक्षी तथा अन्य व्यक्तिहरूलाई अदालतमा हाजिर हुन गराउने कुरामा यस नियमले कुनै बाधा पुऱ्याएको मानिनेछैन।

## परिच्छेद ४

### बेञ्चहरूको गठन र तिनको एवं रजिष्टारको अधिकार

३१. देहायमा लेखिएका किसिमको मुद्दा मामिला फूल बेञ्चबाट हेरिनेछ र फूल बेञ्चमा राय फाटेमा बहुमतको फैसला वा आदेश मान्य हुनेछ।

[क] डिभिजन बेञ्चका न्यायाधीशहरूको राय फाटेको।

[ख] एउटा डिभिजन बेञ्चले अर्को कुनै डिभिजन बेञ्चबाट भएको रूलिंगसँग सहमत नभएमा प्रधान न्यायाधीशका आदेशानुसार पठाएको।

३२. ऐन ऐनमा यो यस्तो मुद्दा मामिला स्पेशल बेञ्चबाट हेर्न भनी लेखिएको स्पेशल बेञ्चबाट हेरिनेछ।

३३. देहायमा लेखिएका किसिमको मुद्दा मामिला डिभिजन बेञ्चबाट हेरिनेछ।

[क] रु १०,००० वा सोभन्दा बढी मोल बिगो वा दाबी भएका मुद्दा मामिला।

[ख] ६ वर्ष वा सोभन्दा बढी कैद हुने मुद्दा मामिला।

[ग] जिल्ला अदालत [अपील सुन्ने अड्डा] को रायसँग एक जना न्यायाधीशको राय नमिलेमा आफ्नो रायसमेत लेखी पठाएको।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 295

[घ] विशेष अदालत ऐन २०१३ बमोजिम गठन भएको विशेष अदालतमा ३ सदस्य भएमा उक्त अदालतबाट छिनिएको मुद्दा मामिला ।

३४. फूल, स्पेशल वा डिभिजन बेञ्चले माथि लेखिएबमोजिम हेर्ने छिन्ने बाहेक अरू सबै मुद्दा मामिला एक जना न्यायाधीशले हेर्नेछन् । तर सर्वोच्च अदालत ऐनको दफा ११ अन्तरगतको विषयलाई प्रधान न्यायाधीशले आवश्यक वा उचित सम्झेमा एकजना न्यायाधीश, डिभिजन वा फूल बेञ्चबाट हेर्ने गर्न पनि हुन्छ।

३५. यस नियमावलीको अधीनमा रही प्रधान न्यायाधीशले तोकेबमोजिमको मुद्दा मामिला निजले तोकेबमोजिमका न्यायाधीश वा बेञ्चले हेर्नेछन् ।

३६. कुनै बेञ्च वा एक न्यायाधीशको अधिकार–क्षेत्रभित्रको देहायका विषयमा कुनै निवेदनपत्र पर्न आएमा सो बेञ्च वा न्यायाधीशले हेरी आवश्यक निकाशा दिन हुन्छ । तर यस नियमावलीबमोजिम रजिष्टारले नै निकाशा दिए हुने रहेछ भने त्यस्तो निवेदनपत्र न्यायाधीश वा बेञ्चले हेरिरहनुपर्दैन।

[क] कुनै मुद्दामा असमर्थ भएको हुनाले तल्लो अदालतको फैसलाबमोजिम लाग्ने दण्डजरिवाना कैद वा अपील गर्दा लाग्ने सरकारी कोर्टफी हाल नलिई पछि मुद्दा किनारा हुँदा ठहरेबमोजिम हुने गरी हाललाई अपील दिन पाऊँ, एका अड्डामा दायर भएको मुद्दा अर्को अड्डामा सारी पाऊँ, नाबालख र असमर्थ व्यक्तिले वालेस दिन सक्दिन, हाल कोर्टफी नली ठाडै बुझी पाऊँ भन्ने कुरा ।

[ख] मुद्दा मामिलामा कारवाई गर्दा रजिष्टारले गरेको आदेश-उपरको उजुरी ।

[ग] मुनासिब कारण देखाएको लिलाम बिक्री इत्यादिको तारिख मुकरर स्थगित गराउने कुरा ।

[घ] अरू कुनै विषयमा प्रचलित कानूनले निवेदनपत्र दिन पाउने रहेछ भने सो विषय ।

३७. (१) मुलुकका कुनै इलाकामा गै सो इलाकाका मुद्दा मामिलाहरू हेर्न छिन्न आवश्यक सम्झेमा सर्वोच्च अदालतले सरकारको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २९५

पूर्व स्वीकृति लिई एक वा एकभन्दा बढी न्यायाधीश खटाई पठाउन सक्नेछ। यस किसिमले खटिएर गएका न्यायाधीशहरूले दौडाहा इजलास कायम गरी काम गर्दा सर्वोच्च अदालतका एक जना न्यायाधीशले गर्न पाउने सबै अधिकारको प्रयोग गर्न पाउनेछन्। दौडाहा इजलासबाट मुद्दा मामिला हेर्दा डिभिजन बेञ्चमा पठाउनुपर्ने देखियो भने सो मुद्दा मामिला राजधानीमा भएको डिभिजन बेञ्चबाट हेरिनेछ। दौडाहा गई इजलास कायम हुनु अगावै सो इलाकाबाट हेर्नु पर्ने मुद्दा मामिलाहरूको छुट्टै कजलिष्ट रजिष्टारले तयार गरी उचित समयमा त्यसबारे सूचना गर्नु पर्छ।

(२) उपनियम (१) बमोजिम खटिई जाने वा सर्वोच्च अदालतले केवल अड्डा जाँचको कामका निमित्त खटाएमा सोबमोजिम खटिई जाने न्यायाधीशले आफूले खटिएका इलाकाभित्र पर्ने सर्वोच्च अदालतमातहतका सबै अदालतको प्रचलित कानूनको रीत पुऱ्याई जाँचबुझ गर्न पनि हुन्छ।

३८. अन्त अरू नियमहरूमा उल्लेख भएको कर्तव्य र अधिकारको अतिरिक्त रजिष्टारको देहायबमोजिमको कर्तव्य र अधिकार हुनेछ।

(१) फिरादपत्र र निवेदनपत्र लिने।

(२) तल्लो अदालतले छिनेका मुद्दाउपरको अपीलपत्र लिने।

(३) कोर्टफी सम्बन्धी वा नोटिस वा म्यादहरूको तामेली सम्बन्धी सबै कुरामा निकासा दिने।

(४) कुनै मुद्दामा पक्षको मृत्यु भएमा सोबारेको निवेदनपत्र लिने र कार्रबाई गर्ने।

(५) कुनै मुद्दामा नाबालकको वा होश ठेगानामा नभएकाको हकदार वारीसवाला मुकर्रर गर्ने वा मुकर्रर रहेकालाई फुर्सद गर्ने।

(६) अड्डा अदालतबाट मिसिल कागतपत्र झिकाउने।

(७) अड्डा अदालतले मागी पठाएको मिसिल कागतपत्र पठाउने।

(८) मुद्दामा पेश भएको कागत लिखतपत्र फिर्ता पाऊँ भन्ने निवेदनपत्र लिने र निकासा दिने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220

(९) आफ्नो तजविज लगाउन पाउने वा आफूले आदेश गर्न पाउने कुनै निवेदनपत्र वा विषयसित सम्बन्धित कागजपत्र कुनै व्यक्ति वा पक्षलाई पेश गर्न लगाउने।

(१०) सर्वोच्च अदालतमा बुझाउनुपर्ने कुनै किसिमको दस्तुर बाँकी भएका व्यक्तिलाई सबै वा कुनै कागतपत्र नपाउने गरी आफ्ना तजवीजले रोकिदिने।

(११) सर्वोच्च अदालतमा भएको कुनै मिसिल कागजात, सो बारेका नियमहरू पालन गरी खोज्ने र निरीक्षण गर्ने अनुमति दिने।

(१२) मिसिल कागजातको नक्कल पाऊँ भन्ने निवेदनपत्रमा निकाशा दिने।

(१३) वकील राखिएका मुद्दा मामिलामा वकालतनामा लिने।

(१४) पेन सवालले थामिने हद म्याद तारेख थामिपाऊँ, ऐनले बुझन हुने प्रमाण बुझिपाऊँ, बाली रोकिपाऊँ, मुद्दा मूलतवी राखिपाऊँ, मूलतवी जगाइपाऊँ [भन्ने समेत प्रचलित कानूनबमोजिम तोक लाग्ने मुद्दा मामिलाको कारवाई सम्बन्धको निवेदनपत्र सुन्ने।

तरः—

यस नियममा लेखिएको कुनै विषयमा अडबड परी रजिष्टारले आदेशका लागि न्यायाधीश वा बेञ्चमा पेश गर्नु आवश्यक सम्झि पेश गर्नु हुन्छ।

३९. रजिष्टारको अनुपस्थितिमा यस नियमावलीबमोजिमको निजको कर्तव्य र अधिकार कायम मुकायम रजिष्टारभई काम गर्नेलाई हुनेछ। सोबमोजिमको कायम मुकायम रजिष्टार मुकरर गर्ने काम स्टैंडिंग कमिटीको हुनेछ।

४०. मुद्दा मामिलाको कारवाई बाहेक अरू कुनै आफ्नो कामको अभिभारा लिखित रूपमा रजिष्टारले असिष्टेन्ट रजिष्टारलाई वा सर्वोच्च अदालतको अरू कुनै कर्मचारीलाई सौम्पन हुन्छ।

४१. रजिष्टारले लिने अपीलपत्र वा निवेदनपत्र रजिष्टारलाई दिनुपर्छ, न्यायाधीश वा बेञ्चमा दिन हुँदैन।

४२. सर्वोच्च अदालतको अफिसको प्रशासकीय नियन्त्रण गर्ने काम रजिष्टारको हुनेछ। असिष्टेन्ट रजिष्टारलगायत सबै फाँटका प्रमुख

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अफिसर निपूर्ण प्रशासन र कार्यभारको उचित सम्पादनका लागि रजिष्ट्रार प्रति जवाफदेही हुनेछन् औ रजिष्ट्रार प्रधान न्यायाधीश प्रति। सबै फाँटलाई असर पर्ने विषय र खासगरे र इस्टाब्लिसमेन्टका कुरा असिष्टेन्ट रजिष्ट्रारमार्फत रजिष्ट्रारछेउ पेश गर्नु पर्छ।

## परिच्छेद ५

### सर्वोच्च अदालत ऐन २०१३ को दफा २१ अन्तर्गतका निवेदनपत्र

४३. [१] बन्दी प्रत्यक्षीकरण (हेबियस कपस) को पुर्जीका निमित्त निवेदनपत्र दिंदा थुनिएको व्यक्तिले सहिछाप गरी वा निजले सहिछाप गर्न नपाउने अवस्थामा भए निजले भनेबमोजिम निजको तर्फबाट अरू कुनै व्यक्तिले सहिछाप गरी सर्वोच्च अदालतमा हाजिर भै निवेदनपत्र रजिष्ट्रारको समक्ष पेश गर्नु पर्छ। अन्न पानी बन्द गरी वा नगरी कुन बेहोराले कहिलेदेखि कसले कहाँ के कुरामा थुनिराखेको छ, सबै बेहोरा तथा परिस्थिति सो निवेदनपत्रमा स्पष्ट तवरले खुलाई लेखिएको हुनुपर्छ। त्यस्तो निवेदनपत्रमा कुनै दस्तुर लाग्नेछैन।

[२] उपनियम [१] बमोजिमको निवेदनपत्रको बेहोराबाट अदालतका विचारमा विपक्षीले गरे बिराएको जस्तो रूप (प्राईमा फेसीकेश) देखिन आएमा तोकिएका तारेखका दिन निवेदकको रिहाई किन नहुनु पर्ने भन्ने कुराको जवाफ पठाउनु भनी कारण देखाउनाका लागि विपक्षीलाई सूचना पठाइनेछ र अदालतले उचित ठानेमा विपक्षी थुनेको भनी भनिएका व्यक्ति वा व्यक्तिहरूलाई समेत आफ्नो साथै लिई आउनु र निजका हकमा कानूनबमोजिम हुनेछ भन्ने समेत कुराको आदेश पनि गर्न सक्नेछ।

[३] सूचनामा तोकिएका दिन वा पेशीको तारेख सरेकोमा तारेखका दिन कुनै कारण नदेखाएमा वा देखिए पनि मनासिब नठहरेमा बेरीतसँग थुनिएको देखिएमा थुनिराखेका व्यक्ति वा व्यक्तिहरूलाई छाडिदिनु भन्ने अदालतको आदेश जारी हुनेछ। अदालतबाट निवेदकलाई छाडिदिनु भनी भएको सो आदेशबाट जेल वा खोरको हाकिम सम्बन्धित सरकारी कर्मचारी वा अन्य व्यक्तिलाई थुनिएको व्यक्ति छाडिदिन कर लाग्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उक्त विषयको किनारा लगाउँदा अदालतले मनासीवमाफिकको मुद्दा मामिलाको खर्च हार्नेबाट जित्नेलाई भराउने गरी आफ्ना तजविजले आदेश गर्न हुन्छ ।

४४ (१) परमादेश ( म्याडेमश ) निषेध ( प्रोहीविशन ) उत्प्रेषण ( सर्शिओररी ) वा अधिकार पृच्छा ( क्वेवारेण्टो ) का प्रकारको निर्देश। आदेश वा पुर्जीका निमित्त निवेदनपत्र दिंदा निवेदकको नाम थर वतन, खोजेका कुरा र त्यसको आधार, भर गरी टेकेका कुराहरू र कुन रिट माग गरेको हो। सो र विपक्षीका नाम थर वतनसमेत खुलाई निवेदनपत्रमा लेखिएको हुनुपर्छ । त्यस्तो निवेदनपत्रमा रु. ५०। को टिकट टाँसिएको वा टिकट दस्तुरवापत सोबमोजिमको नोट रुपैयाँ र विपक्षी जति जना छन्, उति प्रति नक्काल शामेल राखी सर्वोच्च अदालतमा हाजिर भै रजिष्ट्रारका समक्ष पेश गर्नु पर्छ ।

(२) सो निवेदनपत्रको सूचना सबै सरोकारवाला व्यक्ति र आवश्यक देखिएका अन्य व्यक्तिहरूलाई समेत दिइनेछ ।

(३) सूचनामा लेखिएका दिन वा पेशीको तारेख सरेकोमा सरेका तारेखमा दिन उपनियम (१) बमोजिम सूचना गरिएका प्रत्येक व्यक्ति र निवेदनपत्रको विरोध गर्न चाहने तथा बुझ्न उचित देखिएका अन्य व्यक्तिलाई समेत अदालतका तजवीजले जवाफ लिने वा अदालतमा उपस्थित गराई बुझ्न सक्छ । अदालतका तजवीजबाट तोकिएबमोजिमको मुद्दा मामिलाको खर्च त्यस्ता व्यक्तिलाई हार्नेबाट भराई दिनेछ ।

(४) त्यस्तो प्रत्येक निवेदनपत्रमा अदालतले कानूनबमोजिम मनासिवमाफिकको आदेश गर्न र खर्च तथा जमानतबारे जो चाहिने शर्त तोक्न हुन्छ।

४५ सर्वोच्च अदालत ऐनको दफा ११ अन्तर्गत भएका आदेश कुनै व्यक्तिले नमानेमा वा सोबमोजिम नगरेमा अदालतको अपहेलना गरेबापत निज सजायको भागी हुनेछ ।

आज्ञाले—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

२२२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।